Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ४४, २०८३ साल जेठ २६ गते मंगलबार (June 9, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# प्रधानमन्त्रीको सीमा अभिव्याक्तिप्रति विरोध जारी





काठमाडौं- प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरुले प्रधानमन्त्री वालेन्द्र शाहले यही जेठ १९ गते सम्बोधनकै क्रममा नेपालले भारतको सीमा अतिक्रमण गरेको भनि दिएका अभिव्यक्तिप्रति असहमति जनाएका छन् ।

प्रतिनिधिसभाको बैठकमा विपक्षी दलका सांसदहरु, नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, श्रम संस्कृति पार्टी लगायतले आसनबाट उभिएर विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले उनीहरुलाई बोल्न समय दिएका थिए ।

सांसदहरुले सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाइनुपर्ने मागसमेत बैठकमा राखेका छन् । बैठक निर्धारित समयभन्दा दुई घण्टा ढिला सुरु भएको थियो ।

बैठकमा सांसद पद्माकुमारी अर्यालले प्रधानमन्त्री शाहको सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाउन माग गरिन् । विसं २०७७ मा लिपुलेक, लिम्पियाधुरा, कालापानीलाई नेपालको नक्सामा राख्ने विषयमा राष्ट्रिय सहमति जुटेको उनले स्मरण गराईन । राष्ट्रको परराष्ट्र नीति सवै दलको साझा नीति हुनुपर्ने नेपाली जनताको विगतको सुझावलाई वर्तमान सरकारले पनि निरन्तरता दिनुको सट्टा नेपालले भारतको सीमा मिच्यो भनेर गलत अर्थ लगाएको प्रति आपत्ति जनाएकी हुन् ।

अर्को एक प्रशंगमा पनि विपक्षी दलहरुको विरोध

बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित विपक्षी दलका सांसदहरु सन्तोष सुब्बा, हर्कराज साम्पाङ राई, वर्षमान पुन, ज्ञानेन्द्रबहादुर शाहीलगायतले करका दर फेरबदल गरिएको, भन्सारलाई मिलाएर चीनबाट गाडी आयातमा अनियमितता भएको विषय सञ्चारमाध्यमबाट सार्वजनिक भएको विषयप्रति छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्नेमा पनि सम्बोधनका क्रममा सरकारको ध्यानकर्षण गराएका थिए ।

## प्रतिपक्षले विरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ : पूर्वगृहमन्त्री गुरुङ



काठमाडौं- पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता सुधन गुरुङले राजनीतिमा प्रतिपक्ष दलहरूले बिरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी गोरखाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रमलाई सोमबार सम्बोधन गर्दै उनले राम्रो कामलाई प्रतिपक्षले पनि सहयोग गरेर अघि बढ्नुपर्ने बताए ।

पूर्वगृहमन्त्री गुरुङले देश बनाउन सबै मिलेर अघि बढनुपर्ने भन्दै रास्वपा देश बनाउन आएको पार्टी भएको उल्लेख गरे ।

'राम्रो कुरालाई सबै दलले साथ दिनुपर्‍यो', उनले भने, 'विरोधका लागि विरोध »बाकी ६ पृष्ठमा

## नेपाली सेनालाई सीमा सुरक्षामा तैनाथ गर्नुपर्छ : हर्क साम्पाङ



काठमाडौं । श्रम संस्कृति पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सांसद हर्कराज राई साम्पाङले नेपाली सेनालाई सीमा सुरक्षामा खटाउनका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

सोमबार बसेको प्रतिनिधिसभा बैठकमा आफ्नो धारणा राख्ने क्रममा उनले यस्तो बताएका हुन् । 'नेपाली सेनालाई »बाकी ६ पृष्ठमा

## हुम्ला–बाजुरा सीमा विवाद समाधान खोज्न संसदीय समितिको निर्देशन



काठमाडौं- संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले हुम्ला-बाजुरामा देखिएको सीमा विवादको दीर्घकालीन समाधान खोज्न निर्देशन दिएको छ ।

सोमबार बसेको बैठकमा सभापति जयन्तीदेवी राईले उक्त निर्देशन दिएकी हुन् ।

दुई जिल्लामा देखिएको सीमा विवाद तत्काल शान्त देखिएपनि समस्याको दीर्घकालिन समाधान नभएको उनको भनाइ छ । सभापति राईले सीमा विवादलाई अस्थायी व्यवस्थापनबाट नभई दीर्घकालीन रूपमा समाधान गर्नपर्ने बताइन् ।

'यो समस्या तत्काल तीन महिनाका लागि मात्रै समाधान गर्नेभन्दा पनि यसको दीर्घकालीन समाधान खोज्नु आवश्यक छ। दीर्घकालीन समाधानका लागि राज्यले आफ्ना कर्मचारी र सुरक्षा निकायका टोलीलाई आवश्यक सुविधा तथा न्यायोचित व्यवस्था उपलब्ध गराउनुपर्छ,' उनले भनिन्, 'केवल काममा जानुहोस् भन्नु मात्र पर्याप्त हुँदैन । त्यहाँको भौगोलिक अवस्था, कार्यसम्पादनका कठिनाइ, खाद्यान्न आपूर्ति तथा अन्य आधारभूत आवश्यकताहरू सबै ठाउँमा समान हुँदैनन् । त्यसैले यी विषयलाई विशेष ध्यान दिनुपर्छ »बाकी ६ पृष्ठमा


## संसद् खुलाउन सरकारले तत्परता नदेखाउनु खेदजनक : अर्जुननरसिंह केसी



काठमाडौं । नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले संसद्मा प्रतिपक्षी दलको एकीकृत विरोध हुँदासमेत सरकारले समाधान खोज्न तत्परता नदेखाउन खेदजनक भएको टिप्पणी गरेका छन् ।

सोमबार एक्समार्फत आफ्नो धारणा सार्वजनिक गर्दै केसीले सरकारको यो कदम सार्वभौम संसद् प्रतिको अनादर रहेको बताएका हुन् ।

'प्रधानमन्त्रीको अभिव्यक्ति तथा संसद्लाई छल्दै आर्थिक विधेयकमा गरिएको संशोधनप्रति सम्पूर्ण प्रतिपक्षी दलहरूको एकीकृत विरोध हुँदासमेत सरकारले समाधान खोज्न कुनै तत्परता नदेखाउनु खेदजनक छ,' केसीले भनेका छन्, 'यो केवल प्रतिपक्षको उपेक्षा मात्र होइन, जनताको सार्वभौम इच्छाको »बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४४,
२०८३ साल जेठ २६ गते मंगलबार
9 JUNE 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# विकास भूगोलको आधारमा सुन्तलन मिलाउ

नेपालका २२ जिल्ला तराइ र केही जिल्ला उपत्यका र केही पाहाडी जिल्ला केही हिमाली गरी बिभिन्न प्रकारका विशेषताले भरिएका जिल्लाहरू रहेका छन् । विकासका काम गर्न तराई र उपत्यकाका जिल्लाहरू सुविधाको हिसावले विकास निर्माण गर्न पनि सजिलो र खाद्यन्न वालीहरू पनि पाहाडी र हिमाली जिल्लाहरू भन्दा तराईका जिल्लामा प्रशस्त पाईने चाडो फल्ने गरेका छन् ।

पाहाडी र हिमाली जिल्लाहरूमा विकास निर्माण गर्नलाई भीर, पहरा, खोच, लगायत कठिनाई हुने गरेको छ । तर राज्यको नीतिमा चै सवै जिल्लालाई समान रूपमा हेर्ने अझै त्यो भन्दा पनि फरक जनसंखयाको आधारमा बजेट विनियोजित गर्ने जस्ता प्रचलन रहदै आएको छ । यस्ता असन्तुलत नीतिले भौगोलिक कठिनाई भएका जिल्लाहरूमा विकास निर्माणका कामहरू प्रभावित हुदै आएका छन् र त्यस क्षेत्रका नागरिकले सेवा सुविधावाट बञ्चित हुदै आएका छन् ।

हिमाली र पाहाडी जिल्लामा खाद्यन्न पुऱ्याउन अफ्ठ्यारो, निर्माण सामग्री पुऱ्याउन अफ्ठ्यारो ढुवानी महगो कामदारको अभाव बजेटको कमी जस्ता समस्याले पाहाडी र हिमाली जिल्लाहरूमा सरकारले बनाएको नीति अनुरूप विकासको लक्ष्य भेटाउन सकेको छैन ।

त्यसैको असर हिमाली र पाहाडी जिल्लाहरूवाट वर्षेनी बसाई सराई बढ्दै गएको छ । गाउहरू खाली हुन थालेका छन् । त्यसको असर भोलीका दिनमा कतिपय नेपालका भूगोलमा वस्तीहरू भेटाउन मुस्किल हुने अवस्था नआउला भन्न सकिदैन ।

त्यस्तो अवस्था आउन नदिनलाई राज्यको नीतिमा नै सुधार गरेर पाहाडी हिमाली अत्ति हिमाली बिकटतामा रहेका जिल्लाहरूलाई प्राथामिकतामा राखेर विकासको सन्तुलन मिलाउनु पर्छ ।

तव मात्र रामेछापको गुम्देलको नागरिकले पनि देशमा सरकार छ भन्ने महसुस गर्छ त्यसैगरी डोल्पामा रहेको नागरिकले पनि सरकार छ भन्ने महसुन गेछ । र काठमाडौ र तराईका जनता जतिकै सुविधा प्राप्त गर्ने सुन्तुलन मिलाउन सक्नुपर्छ । यो राज्यको दाईत्व हो ।

# संविधान : संशोधन यस्तो होस्



■ सुदर्शन अर्याल "शीतल"

संविधान देशको मूल कानुन हो । हरेक देशका आ-आफ्नै खालका संविधान छन्, कतै लिखित त कतै अलिखित । संविधानको अधीनमा रही अन्य कानुन निर्माण गर्ने हुँदा यसलाई गतिशील र विशिष्टीकृत कानुनी दस्तावेज पनि भनिन्छ । धेरै बहस र छलफलपछि नेपालको संविधान २०७२ संविधानसभाबाट लागू गरिएको हो । संविधान जारी भएको दश वर्ष भयो । यस अवधिमा संविधानको अक्षरशः पालन भयो/भएन, बाधा/अवरोध के रह्यो, जटिलताहरु कति सिर्जना भए, नेतृत्वको भूमिका कस्तो रह्यो ? आदि विषयमा छलफल र मनन गर्नुपर्ने बेला भएको छ ।

नेपाल धार्मिक सहिष्णुता तथा विविधतामा एकता भएको देश हो । बहुधार्मिक, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, भौगोलिक तथा सामाजिक विविधता यहाँको पहिचान हो । संविधानले यी सबै पक्षहरुको हक-हित र अधिकारलाई समेट्ने प्रचुर प्रयास गरेको छ । संविधान प्रदत्त नेपाली जनता सार्वभौमसत्ता सम्पन्न हुन् । सुशासन, गरिबी निवारण, दिगो विकास, मानवअधिकारको रक्षा, भ्रष्टाचाररहित प्रशासन, समानता, विधिको शासन तथा समृद्ध नेपालको निर्माण यसको मूल ध्येय हो । संविधानको व्यावहारिक प्रयोगमा केही जटिलताहरु र द्विविधाहरु देखियो, विशेष गरी राज्यको संरचना र शासकीय स्वरुपमा ।

शासकीय स्वरुपमा केही सुधार, थपघट तथा परिमार्जन गर्नुपर्ने अनिवार्य देखिन्छ । हामीले बनाएको संविधान हजारौं वर्षसम्म पनि उपयुक्त होस् । हामीले गर्ने निर्णयले हजारौं वर्षपछिका हाम्रा सन्ततिले हाम्रा पुर्खा यस्ता थिए भनी गर्व गर्न पाऊन् । त्यहाँ स्वार्थ र असमानताको गन्ध कतै नदेखियोस् । गलत तर्कको अभिमानबाट हाम्रा निर्णयहरु ग्रसित हुनुहुँदैन । अरुको कुरा स्वीकार्न नसक्नु आफ्नो कुरा स्थापित गराउन नसक्नु हो । तसर्थ समस्याको साझा विन्दुमा सबैको एक मत हुनुपर्छ । छलफल र बहसलाई तीव्रता दिनुपर्छ । राम्रा पक्षहरुको अनुशरण गर्दै मिहिन ढंगबाट परीक्षण गरी समस्यालाई सरल र सरलीकृत बनाउनुपर्छ । राम्रा निर्णयहरु कार्यान्वयन गर्दा जटिलता हुन सक्छ । त्यसलाई इमानका साथ निरुपण गर्नुपर्छ । तसर्थ लम्बीय र क्षितिजीय कसीबाट परीक्षण गरी संविधानलाई सैद्धान्तिक दस्तावेज बनाउन सके यो सबैको साझा दस्तावेज बन्न सक्छ ।

बालहठ राखेर भोलिको जटिलताको ख्याल नगरी 'मेरो गोरुको बाह्रै टक्का' भन्नु गलत हो । संविधान दुई-चार वर्षका लागि होइन, सयौं वर्षपछिसम्मको सैद्धान्तिक दस्तावेज हो । देश र जनताको भविष्य कस्तो बनाउने ? हामीले बनाउने संविधानले निर्धारण गर्दछ । संविधान वर्तमान नभएर भविष्य हो, आज होइन भोलि हो । त्यसैले संविधान विगतको दृष्टान्त, वर्तमानको गति र भविष्यको पथ-प्रदर्शक हो । यो कुरा संघीय संसद्का सदस्यहरुले बुझ्न आवश्यक छ । रिस, आवेग र अहंकारबाट टाढा रहेर गरेको निर्णय निष्कर्षमुखी हुन्छ । संविधान समस्याको पोको होइन, समाधानको सारथी बन्नुपर्छ ।

नेपाल सरकारले संविधान संशोधन कार्यदल बनाएको छ । राज्य प्रणालीको दीर्घकालीन सुधार र स्थिरताका लागि कार्यपत्र तयार पारी छलफल चलाउने जिम्मासमेत दिइएको छ ।

उतार-चढावको लामो घटनाक्रमबाट पाठ सिक्दै सुझबुझका साथ समाधान उन्मुख संविधान संशोधन अबको अपरिहार्य आवश्यकता हो । समस्याबाट पाठ सिकेर समाधानतर्फ हाम्रो ध्यान जानुपर्छ । पुनः त्यही गल्ती दोहोऱ्याउने छुट अब कसैलाई छैन । 'म राम्रो, अरु नराम्रो' होइन, देश र जनताको हितका लागि म नराम्रो हुन तयार छु भन्ने हिम्मत गर्नुपर्छ । विगतकै जस्तो पटक-पटक संसद् विघटन, अवसरका लागि चाकडी-लेनदेन, भ्रष्टाचारलाई प्रश्रय, बेथिती, हुकुमी शैली, सत्ता-उन्माद, नागरिकप्रति उदासीन, कर्मकाण्डी राज्य सञ्चालन, सत्ताका लागि लुछाचुँडी, निरन्तर सरकार फेरबदल, सत्ताका लागि मोल-मोलाइका सम्झौता आदि संवैधानिक रुपमै निर्मूल पार्नुपर्छ ।

उतार-चढावको लामो घटनाक्रमबाट पाठ सिक्दै सुझबुझका साथ समाधान उन्मुख संविधान संशोधन अबको अपरिहार्य आवश्यकता हो । समस्याबाट पाठ सिकेर समाधानतर्फ हाम्रो ध्यान जानुपर्छ । पुनः त्यही गल्ती दोहोऱ्याउने छुट अब कसैलाई छैन । 'म राम्रो, अरु नराम्रो' होइन, देश र जनताको हितका लागि म नराम्रो हुन तयार छु भन्ने हिम्मत गर्नुपर्छ । विगतकै जस्तो पटक-पटक संसद् विघटन, अवसरका लागि चाकडी-लेनदेन, भ्रष्टाचारलाई प्रश्रय, बेथिती, हुकुमी शैली, सत्ता-उन्माद, नागरिकप्रति उदासीन, कर्मकाण्डी राज्य सञ्चालन, सत्ताका लागि लुछाचुँडी, निरन्तर सरकार फेरबदल, सत्ताका लागि मोल-मोलाइका सम्झौता आदि संवैधानिक रुपमै निर्मूल पार्नुपर्छ ।

संसद्मा सधैंको झगडा र बाझाबाझ कुन संसदीय मर्यादा हो ? सच्चिने भनेर जनतालाई गरेको बाचा यही हो ? संघ, प्रदेश हुँदै स्थानीय तहसम्म मर्यादाविहीन क्रियाकलापले जनमतलाई कुल्चिने काम भइरहेको छ । भनसुन, चाकडी, चाप्लुसी र आसेपासेका लागि मात्रै राज्यसत्ता हो भने राणा र पञ्चायत कालमा के फरक भयो ? त्यही प्रवृत्तिको पुनरावृत्तिलाई लोकतन्त्र भन्ने वा लोकतन्त्रको ब्यानरमा मञ्चित लोकतान्त्रिक सामन्तवाद ! सत्ता सञ्चालनमा देखिएको व्यवहारले यसलाई हजारौंपटक पृष्टि गर्दैन र ?

नागरिकको समस्या एकातिर, सरकार र संसद्को रवैया अर्कोतिर । तैपनि यसलाई 'राजनीति' को संज्ञा दिएर देशलाई लुछ्नु लाजको विषय हो । भदौ २३-२४ गते जेन-जेडको त्यो विस्फोटक आन्दोलन, जसका कारण राष्ट्रले अपूरणीय क्षति व्यहोर्नुपऱ्यो । सयौंले ज्यान गुमाए । यसको जवाफदेहिता तत्कालीन सत्ताले लिनुपर्छ । यस्तो अवस्था यिनै सत्तालिप्साहरुको स्वेच्छाचारी र गैरजिम्मेवारीपनले आएको हो । तसर्थ, अब देश र नागरिकप्रति उत्तरदायी हुँदै असल सोच र मनसायका साथ राज्य सञ्चालन अपरिहार्य देखिन्छ । हार्दा 'म' र जित्दा 'देश' भन्ने भावनाबाट ओतप्रोत भई आचरण, व्यवहार र संस्कार सुधार्दै संवैधानिक प्रावधानलाई सच्याउन सबै सांसद एक हुनुपर्छ ।

संस्कृति भनेको भावना हो, असल आचारण र व्यवहार हो, जीवन पद्धति हो । असल आचरण र व्यवहारको कसीमा नैतिकतालाई बाँध्न सक्नुपर्छ । सबै कुरा कोरिएका काला धर्साहरुले समेट्न सक्दैन । तसर्थ वर्तमान संविधानमा विशेष गरी शासकीय स्वरुप र राज्यको संरचनालाई केही परिमार्जन गर्न सकेमा देश सुशासन र दिगो विकासतर्फ अगाडि बढ्नेछ अनि राजनीतिक स्थिरता पाइनेछ । त्यसैले शासकीय स्वरुप सुधारका लागि यहाँ केही सुझाव प्रस्तुत गरिएको छ ।

नेपालको संविधान २०७२ को धारा ८४ (१) मा गर्नुपर्ने सुधारका कुरा गरौं । सर्वप्रथम प्रतिनिधिसभातर्फको सुधारका कुरा उठान गर्नु सान्दर्भिक हुन्छ । १४१ जना प्रत्यक्ष निर्वाचित तथा ९४ सामानुपातिक गरी २३५ जनाको प्रतिनिधिसभा गर्ने । त्यस्तै एक तिहाइ महिला निर्वाचित गर्न प्रत्येक जिल्लामा हुने निर्वाचन क्षेत्रमा उम्मेदवारी दिँदा ३३ प्रतिशत महिला हुने गरी १ बाट बढ्दो क्रममा महिलाले मात्र उम्मेदवारी दिने व्यवस्था गर्ने । जस्तै- काठमाडौं जिल्लामा १० निर्वाचन क्षेत्र छ । यसको ३३ प्रतिशत गर्दा महिला ४ जना र पुरुष ६ जना निर्वाचित हुनुपर्छ । त्यसका लागि क्षेत्र नं. १, २, ३ र ४ महिला उम्मेदवारका लागि मात्र । जुनसुकै राजनीतिक दलले उम्मेदवारी दिँदा यी चार क्षेत्रमा महिलाको मात्र उम्मेदवारी दिने । यसमा पुरुषले उम्मेदवारी दिन नपाउने । त्यस्तै अर्को झापा जिल्लामा ५ निर्वाचन क्षेत्र छ । यसमा २ जना महिला र ३ जना पुरुष निर्वाचित हुनुपर्छ । त्यसका लागि १ र २ क्षेत्र महिलाका लागि । यसै गरी अन्य जिल्लाका निर्वाचन क्षेत्रमा पनि ३३ प्रतिशतले हुन आउने संख्या एकिन गरी शुरु अंकबाट आउने निर्वाचन क्षेत्र महिलाका लागि अनिवार्य गर्ने ।

यसो किन : महिलाहरु निर्वाचन लड्न सक्दैनन् भन्ने भावना हटाउन । महिलामा साक्षरता प्रतिशत बृद्धि गर्न । महिला/पुरुष आनुपातिक निर्वाचित हुन । महिलाको लागि निर्वाचन क्षेत्र निश्चित गर्न । महिलाको अधिकार दीर्घकालीन रुपमा सुनिश्चित हुन यसो गर्नु उचित हुन्छ ।

तर प्रत्यक्ष निर्वाचत कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति दुवै राख्न हुँदैन । संसद्बाट निर्वाचित प्रधानमन्त्री नै ठीक छ । बरु सबै पार्टीले चुनावअघि भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा जान सक्छन् । त्यो राम्रो पनि हुन्छ, बढी प्रजातान्त्रिक पनि देखिन्छ । घोषित उम्मेदवारले जिते वा सो सम्बद्ध पार्टीले बहुमत ल्याए उसैको नेतृत्वमा सरकार बन्छ, नजिते वा बहुमत नल्याए बन्दैन । अर्कोको बन्छ । सुधारको नाममा कार्यकारीको अलग, संसद्को अलग परिपाटी बनाइयो भने गम्भीर संवैधानिक जटिलता आउने प्रस्ट देखिन्छ । त्यसैले त्यस्तो प्रावधानपट्टि नलाग्दा नै राम्रो । मानौं कुनै 'ए' पार्टीको प्रत्यक्ष प्रधानमन्त्री वा राष्ट्रपति चुनियो तर संसद्मा सो पार्टीको बहुमत आएन । यस्तो अवस्थामा प्रत्यक्ष निर्वाचित कार्यकारीले झन् कुनै पनि काम गर्न सक्दैन । ऐन-कानुन बनाएर संसद्बाट पास गर्न सक्दैन । उसले ल्याएका योजना संसद्ले असफल गराउँछ । विपक्षीको बहुमत हुने हुँदा बजेट नै पास गर्न नसक्ने अवस्थामा पुग्छ । सरकार सञ्चालनमा गम्भीर जटिलता सिर्जना हुन्छ ।

नेपालको संविधान २०७२ को धारा ८६ (२) मा गर्नुपर्ने सुधार अर्को छ । राष्ट्रिय सभातर्फको कुरा गर्दा एक जिल्ला एक निर्वाचन क्षेत्र हुने गरी ७७ जनाको प्रत्यक्ष निर्वाचित राष्ट्रिय सभा गठन गर्ने । २५-२५-२७ हुने गरी कार्यकाल विभाजन गर्ने । राष्ट्रिय सभा सदस्य हुन अनिवार्य स्नातक पास गरेकै हुनुपर्ने व्यवस्था गर्नुपर्छ ।

यसो किन ? :प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने, योग्य, दक्ष र अनुभवीहरुको प्रवेश हुने, बूढाहरुको नभएर शिक्षितहरुको सभा हुने हुन्छ ।

संविधानको धारा ७६ को(२) का सम्बन्धमा कुरा गरौं । कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दल वा सांसदहरुको समर्थनमा बहुमत प्राप्त गर्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्ति गर्नुपर्छ । त्यस्तो समर्थन दिने दल वा सांसदले ५ वर्षसम्मै समर्थन फिर्ता गर्न वा अविश्वासको प्रस्ताव राख्न पाउनुहुँदैन । त्यस्तै मन्त्रिपरिषद्ले गर्ने संवैधानिक निर्णयबाहेक अन्य राष्ट्रिय महत्वका निर्णयहरु संसद्को बहुमतबाट पारित गराउनुपर्छ ।

यसै गरी कार्यपालिकाले गरेका संवैधानिक निर्णयहरु अदालतको क्षेत्राधिकार भित्र नपर्ने हुनुपर्छ । तर यदि त्यस्तो निर्णय गलत छ भन्ने संसद् वा व्यवस्थापिकालाई लागेमा कार्यपालिकाले गरेको त्यस्तो निर्णय व्यवस्थापिकाबाट अनुमोदन गराउनुपर्ने हुन्छ । अनुमोदन नभएमा त्यस्तो निर्णय स्वतः बदर हुनुपर्छ । प्रधानमन्त्रीलाई दुई तिहाइ बहुमतबाट मात्र हटाउन सकिने प्रावधान हुनुपर्छ । प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुनुपर्छ । प्रधानमन्त्रीबाट संसद् विघटन गर्न नसकिने हुनुपर्छ । प्रधानमन्त्री दुई कार्यकालभन्दा बढी हुन नपाउने हुनुपर्छ ।

नेपालको संविधान २०७२ को धारा ७६ (९) मा सुधार गर्नुपर्नेछ भने धारा ७८ खारेज हुनुपर्छ । त्यसरी नियुक्ति भएको प्रधानमन्त्रीले सम्बन्धित क्षेत्रमा दक्षता र विज्ञता हासिल गरेका बढीमा १७ जना गैरसांसदलाई राष्ट्रिय सभाबाट अनुमोदन गराई मन्त्रिपरिषद् गठन गर्न सक्ने हुनुपर्छ । धारा ७७ (ख) खारेज गर्नुपर्छ ।

यसो किन ? : सुशासन कायम गर्न, स्थायी सरकार सञ्चालन गर्न, दीर्घकालीन राजनीतिक स्थिरता कायम गर्न, दिगोरुपमा आर्थिक, सामाजिक र प्रशासनिक सुधार गर्न, अप्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न यसो गरिनु उचित हुन्छ ।

धारा १३३ मा थप गर्नुपर्ने कुरामा कार्यपालिकाले गर्ने कुनै पनि संवैधानिक निर्णयहरु अदालतको क्षेत्राधिकारभित्र नपर्ने गरिनुपर्छ ।

यसो किन ? : कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी हुने हो, न्यायालयप्रति होइन । कार्यपालिकालाई व्यवस्थापिका र न्यायपालिका दुवैको नियन्त्रणबाट बाहिर राख्न यसो गर्नुपर्छ । कार्यपालिका देशको प्रशासनिक मुटु हो । यसले प्रचलित कानुन र संविधानको अधीनमा रहेर निर्बाध निर्णय गर्न पाउनुपर्छ । तर सोही निर्णयलाई लिएर हुने अदालती हस्तक्षेप रोक्नका लागि माथिको बुँदा थप्नुपर्छ । त्यस्तै कार्यपालिकाले निर्णय गर्ने, विपक्षीले मुद्दा हाल्ने र अदालतले रोक्ने हो भने कार्यकारीको औचित्य रहँदैन । तसर्थ कार्यकारीको औचित्य पुष्टि गर्न पनि यसो गर्नु उचित हुन्छ ।

नेपालको शासकीय संरचना तीन तहको छ- संघ, प्रदेश र स्थानीय तह । संघका विषयमा केही सुझावहरु माथि उल्लेख गरियो । स्थानीय तह महत्वपूर्ण तह हो । प्रदेशका सम्बन्धमा कुरा गर्दा प्रदेश ठीक छ तर प्रदेश संरचनालाई केही परिमार्जन गर्नुपर्ने देखिन्छ । अहिलेको सात प्रदेशलाई यथावत् राखी प्रदेशको शासकीय संरचनालाई खारेज गरेर प्रदेश परिषद्मा रुपान्तरण गर्नुपर्छ । प्रत्येक प्रदेशबाट एकजना प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र सोही प्रदेशमा भएका स्थानीय तहका मेयर-उपमेयर तथा अध्यक्ष-उपाध्यक्षसहितको प्रदेश परिषद् गठन गर्ने । प्रदेश परिषद्को अध्यक्षता मुख्यमन्त्रीले गर्ने । परिषद्ले स्थानीय तहसँग समन्वय गर्ने, आवश्यक कानुन बनाउनेलगायत विकास निर्माणसँग सम्बन्धित काम गर्नेछ ।

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



### फर्किए परराष्ट्रमन्त्री

# सीमा समस्या कूटनीतिक रूपमा हल गर्ने सहमति

काठमाडौँ- परराष्ट्रमन्त्री खनाल आफ्नो त्रिदेशीय वैदेशिक भ्रमणको पहिलो चरणअन्तर्गत भारतको औपचारिक भ्रमण सफलतापूर्वक पूरा गरी स्वदेश फर्कनुभएको छ। भ्रमण सम्पन्न गरी काठमाडौँ ओर्लिएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री खनालले आफ्नो भारत भ्रमण अत्यन्तै सकारात्मक र फलदायी रहेको जानकारी दिनुभयो।



**सीमा विवाद कूटनीतिक रूपमा समाधान गरिने**

त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै परराष्ट्रमन्त्री खनालले नेपाल र भारतबीच लामो समयदेखि थाती रहेका सीमासम्बन्धी समस्याहरूलाई कूटनीतिक माध्यमबाट समाधान गर्न गहन छलफल भएको बताउनुभयो। “दुई देशबीच रहेका सीमा विवादहरूलाई कूटनीतिक रूपमा हल गर्ने र स्थापित संयन्त्रहरूलाई सक्रिय बनाएर टेबल टकमार्फत अगाडि बढ्ने विषयमा भारतीय पक्षसँग महत्वपूर्ण कुराकानी भएको छ,“ मन्त्री खनालले भन्नुभयो। दुवै देश कूटनीतिक नोट र ऐतिहासिक तथ्यहरूको आधारमा वार्ताका लागि सकारात्मक देखिएको उहाँले प्रष्ट पार्नुभयो।

**नयाँ सरकारप्रति भारतमा उत्साह**

परराष्ट्रमन्त्री खनालले भारत भ्रमणका क्रममा त्यहाँका उच्च नेतृत्व र अधिकारीहरूसँग भेटघाट गर्दा नेपालको नयाँ सरकारप्रति ठूलो उत्साह र सद्भाव पाएको अनुभव सुनाउनुभयो। नेपालमा हालै गठित नयाँ सरकारसँग मिलेर काम गर्न र द्विपक्षीय सम्बन्धलाई थप बलियो बनाउन भारतीय पक्ष निकै उत्सुक रहेको उहाँले उल्लेख गर्नुभयो। भ्रमणले दुई देशबीचको आपसी अविश्वासलाई हटाएर नयाँ उचाइमा लैजान वातावरण तयार गरेको उहाँको भनाइ थियो ।

**भ्रमणको ब्रिफिङ र अन्य छलफलहरू**

आफ्नो ब्रिफिङ (जानकारी) का क्रममा परराष्ट्रमन्त्री खनालले भारतीय समकक्षीका साथै अन्य उच्च अधिकारीहरूसँग भएका छलफलका मुख्य बुँदाहरू सार्वजनिक गर्नुभयो। भ्रमणका क्रममा सीमा सुरक्षा, व्यापार तथा पारवहन, ऊर्जा व्यापार र जलस्रोतका क्षेत्रमा भएका पुराना सम्झौताहरूको प्रभावकारी कार्यान्वयनका विषयमा कुराकानी भएको छ । साथै, निर्माणाधीन कनेक्टिभिटी (सम्पर्क सञ्जाल) का आयोजनाहरू, क्रस-बोर्डर (सीमापार) यातायात र हुलाकी राजमार्गको बाँकी कामलाई द्रुत गतिमा अघि बढाउने सहमति भएको मन्त्री खनालले जानकारी दिनुभयो। नेपालको आर्थिक समृद्धिमा भारतको सहयोग र डायस्पोरा (प्रवासी नेपाली) को परिचालनका विषयमा समेत भारतीय अधिकारीहरूसँग फलदायी संवाद भएको परराष्ट्रमन्त्रीले ब्रिफिङका क्रममा उल्लेख गर्नुभयो।

## रामेछाप डायरी

# सुनापति-शैलुङ पदमार्ग सम्भाव्यता अध्ययन सम्पन्न



रामेछाप- रामेछापको सुनापति गाउँपालिका र दोलखाको शैलुङ क्षेत्र जोड्ने नयाँ पर्यटकीय पदमार्ग विकासको सम्भाव्यता अध्ययन सम्पन्न भएको छ।

नेपाल पर्यटन बोर्डको आयोजनामा गरिएको चार दिने अध्ययनले ‘दुहु-सुनापति डाँडा-शैलुङ ट्रेल’ लाई धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने निष्कर्ष निकालेको हो।

अध्ययन टोलीले सुनापतिका चिया बगान, लखपतिमाने डाँडा, सानो शैलुङ र ठूलो शैलुङ लगायतका क्षेत्रको अवलोकन गरेको थियो। तीन हजार मिटरभन्दा बढी उचाइमा रहेको शैलुङ क्षेत्र धार्मिक पर्यटन, पदयात्रा र साहसिक पर्यटनका लागि उपयुक्त मानिन्छ । सुनापति गाउँपालिका अध्यक्ष ठूलोकान्छा तामाङले पर्यटन विकासलाई गाउँपालिकाको प्राथमिकतामा राखिएको बताउनुभएको छ।

पर्यटन बोर्डका अधिकारीहरूले दिगो पर्यटन विकासका लागि वातावरण, संस्कृति र सम्पदा संरक्षणलाई सँगसँगै अगाडि बढाउनुपर्नेमा जोड दिएका छन्। स्थानीय व्यवसायीका अनुसार शैलुङ क्षेत्रमा हाल मासिक तीनदेखि चार हजारसम्म पर्यटक पुग्ने गरेका छन्। अध्ययनले रामेछाप र दोलखालाई जोड्ने नयाँ पर्यटकीय पदमार्ग विकासको आधार तयार गरेको विश्वास गरिएको छ।

# दीपकलाई आयल निगममा निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी



काठमाडौँ- नेपाल आयल निगमको निमित्त कार्यकारी निर्देशकको जिम्मेवारीमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दीपक बराललाइ ल्याएको छ ।

अघिल्लो साता नागेन्द्र साहले सेवाबाट अवकाश पाएपछि रिक्त रहेको उक्त पदमा अर्को व्यवस्था नहुँदासम्मका लागि बराललाई यो जिम्मेवारी तोकिएको हो ।

मन्त्रालयले सोमबार पत्र पठाएर बराललाई निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी दिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए ।

यसअघि चण्डिका भट्टले पदबाट राजीनामा दिएपछि साहले निमित्त प्रमुखको रूपमा निगमको नेतृत्व सम्हालेका थिए । साहको अवकाशसँगै निगमको नेतृत्व सम्हाल्न आइपुगेका बराल हाल निगममै नायब कार्यकारी निर्देशकको भूमिकामा छन् । बरालसँग निगमको प्रशासनिक र प्राविधिक दुवै क्षेत्रमा काम गरेको लामो अनुभव छ ।

# डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार गौरीशंकर लाल र रामप्रसादलाई



काठमाडौँ- डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले प्रदान गर्दै आएको डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार २०८२ वरिष्ठ चिकित्सक डा गौरीशंकर लाल दास र वरिष्ठ नेत्ररोग विशेषज्ञ डा रामप्रसाद पोखरेललाई संयुक्त रूपमा प्रदान गरिएको छ ।

साथै, डा डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २०२६ संस्थागततर्फ कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) लाई प्रदान गरिएको छ । सोमबार आयोजित विशेष समारोहमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले पुरस्कार हस्तान्तरण गरेका थिए । राष्ट्रिय शान्ति पुरस्कारको राशि एक लाख रुपैयाँ रहेको छ भने अन्तर्राष्ट्रिय पुरस्कार अन्तर्गत प्रशंसापत्रसहित नेपालको संस्कृति झल्कने आकर्षक उपहार प्रदान गरिएको समितिले जनाएको छ ।

पुरस्कार प्राप्त डा गौरीशंकर लाल दास चिकित्सा विज्ञान, सार्वजनिक स्वास्थ्य, स्वास्थ्य नीति तथा मानवीय सेवाका क्षेत्रमा सक्रिय रहँदै उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् ।

त्यस्तै, डा रामप्रसाद पोखरेलले नेपालको नेत्रचिकित्सा क्षेत्रको विकास, आधुनिक आँखा उपचार सेवाको विस्तार तथा नेपाल नेत्रज्योति संघको स्थापना र सुदृढीकरणमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित कोइकाले नेपालमा शिक्षा, स्वास्थ्य, सुशासन, सूचना प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा, विपद् व्यवस्थापन र संस्थागत क्षमता विकासलगायतका क्षेत्रमा दीर्घकालीन सहयोग गर्दै आएको छ । कार्यक्रममा पुरस्कार छनोट तथा शिक्षा र समाजसेवाको क्षेत्रमा पुर्‍याएको योगदानको कदर स्वरूप प्रा डा मोहन लोहनी, प्रा डा जयराज आचार्य र प्रा डा प्रेमकुमार खत्रीलाई ‘मायाको चिनो’ प्रदान गरिएको थियो । पुस्तकालय विकास समितिकी अध्यक्ष प्रा डा विणा पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य चन्द्र किरण श्रेष्ठले संस्थाका गतिविधिबारे जानकारी गराए ।

# शासकीय सुधारका सय बुँदामा केन्द्रित भएर काम गरिरहेका छौं : स्वास्थ्यमन्त्री



काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सरकारले शासकीय सुधारका सय वटा कार्यसूचीमा केन्द्रित भएर काम गरिरहेको बताएकी छिन् ।

प्रधानमन्त्री बालेन शाहले उक्त कार्यसूचीमा काम गर्न निर्देशन दिएकाले त्यसलाई सम्पन्न गर्न आफूहरूको ध्यान केन्द्रित भएको आइतबार मन्त्रालयका सञ्चारकमीसँगको भेटघाटमा यस्तो बताएकी हुन् ।

‘हाम्रो आफ्नै कार्यव्यस्तता थियो । किनकी हाम्रो मेट टार्गेट भनेको नै सय बुँदा थियो । यसलाई कसरी कम्पिलिट गर्ने ? हामीलाई माथि बाटै सम्माननीयज्यू (प्रधानमन्त्री) को मेन निर्देशन शासकीय सुधारको जुन हन्ड्रेड प्वाइन्ट्स थियो । त्यसलाई कसरी कम्प्लिट गर्ने भनेर सबै उतातिर फोकस भयौं,’ मन्त्री मेहताले भनिन् ।

‘प्रेस एडभाईजरी हामीले टाईम टू टाईम यसरी मिटिङ राख्नुपर्ने । यसमा हाम्रो ध्यान नै गएन । त्यसका लागि हामी क्षमाप्राथी नै छौं । यो हाम्रो इन्ड होइन, कन्टिन्युटी हो ।

लिखु तामाकोशी गाउँपालिका
गाउँकार्यापालिकाको कार्यलय
बागमती प्रदेश, रामेछाप
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
केशव महत, अध्यक्ष
दीपा पाखिन, उपाध्यक्ष
प्रकाशराज श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

दोरम्बा शैलुङ गाउँपालिका
गाउँकार्यापालिकाको कार्यलय
बागमती प्रदेश, रामेछाप
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
मैन कुमार मोक्तान, अध्यक्ष
खमला थापामगर, उपाध्यक्ष
विष्णु कुमार महत, प्रमुख प्रशासकीय अधिकृत

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४४,
२०८३ साल जेठ २६ गते मंगलबार
9 JUNE 2026, TUESDAY

# सिद्धार्थ बैंकद्वारा भूकम्प प्रभावित जनप्रिय आधारभूत विद्यालयको भवन पुनर्निर्माण



काठमाडौं । सिद्धार्थ बैंकको आर्थिक सहयोगमा नवनिर्मित रुकुम पश्चिमको सानीभेरी गाउँपालिका वडा नं. १, भण्डारवनस्थित जनप्रिय आधारभूत विद्यालयको भवन समुद्घाटन गरी विद्यालयलाई हस्तान्तरण गरिएको छ।

२०८० साल कात्ति १७ गते गएको विनाशकारी भूकम्पले क्षतिग्रस्त उक्त विद्यालयको भवनको पुनर्निर्माण कार्य सम्पन्न गरी बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वर प्रसाद बस्यालले भवनको समुद्घाटन गरी विद्यालयका प्रधानाध्यापकलाई औपचारिक रूपमा हस्तान्तरण गरे।

विद्यालय प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा बैंकका प्रमुख मार्केटिङ अधिकृत सुरेश राज महर्जन, कर्पोरेट बैंकिङ प्रमुख प्रशन्न खड्का, लघु साना तथा मझौला उद्यम बैंकिङ प्रमुख प्रदिप पन्त, मुसिकोट शाखा प्रबन्धक धर्मनन्द अवस्थी लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वर प्रसाद बस्यालले विद्यालय भवन निर्माण केवल भौतिक संरचना निर्माणमा सीमित नभई भूकम्पपछिको पुन:स्थापना, बालबालिकाको सुरक्षित भविष्यप्रतिको प्रतिबद्धता तथा गुणस्तरीय शिक्षा मार्फत समाज रूपान्तरण गर्ने साझा संकल्पको प्रतिक भएको बताए।

उक्त नवनिर्मित भवनले विद्यार्थीहरूमा सुरक्षित र गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्दै शिक्षण-सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउनुका साथै नियमित पठनपाठनको निरन्तरता र समग्र शैक्षिक वातावरण सुदृढीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास बैंकले लिएको छ।

# नबिल बैंक र धुलिखेल अस्पतालबीच सम्झौता



काठमाडौं । नबिल बैंक लिमिटेड र धुलिखेल अस्पतालबीच देशका विभिन्न क्षेत्रमा अत्यावश्यक स्वास्थ्य सेवा सुदृढीकरण एवं पुन:स्थापना सेवा विस्तारका लागि रणनीतिक साझेदारी भएको छ। सोमबार दुई संस्थाबीच यससम्बन्धी आशयपत्रमा हस्ताक्षर भएको हो।

आशयपत्रमा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र धुलिखेल अस्पतालका प्रशासनिक निर्देशक डा. विराजमान कर्माचार्यले हस्ताक्षर गर्नुभएको छ। तीन वर्षका लागि लागू हुने यस सम्झौताअन्तर्गत, विशेष गरी जलन (बर्न) को उपचार, कृत्रिम अंग जडान, पुन:स्थापना र डायलासिस सेवाको पहुँच बढाउन नबिल बैंकले ६ करोड रुपैयाँ बराबरको आर्थिक सहयोग प्रदान गरेको छ। साझेदारीअनुसार धुलिखेल अस्पतालमा १० शय्याको सघन जलन उपचार कक्ष (क्ष्यृग) स्थापना गरिनेछ। अस्पताल व्यवस्थापनको नेतृत्वमा यो सेवालाई अन्य प्रदेशहरूमा पनि विस्तार गरिने बैंकले जनाएको छ। यसका साथै बैंकको सहयोगमा दुई वटा कृत्रिम अंग जडान तथा पुन:स्थापना सेवा एकाई स्थापना गरिनेछ भने डायलासिस सेवालाई थप सुदृढ बनाइनेछ। नबिल बैंकका अध्यक्ष निर्वाणकुमार चौधरीले मानिसको जीवनमा सार्थक परिवर्तन ल्याउने साझा उद्देश्यका साथ यो सहकार्य गरिएको बताउनुभयो। यस्तै, सिइओ ज्ञवालीले संस्थागत सामाजिक उत्तरदायित्वलाई समाजप्रतिको प्रतिबद्धताका रूपमा लिँदै विपन्न र सीमान्तकृत समुदायका बिरामीहरूलाई गुणस्तरीय सेवा पुर्‍याउन यो साझेदारी कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो।

धुलिखेल अस्पतालका संस्थापक तथा कार्यकारी निर्देशक डा. रामकण्ठ माकजु श्रेष्ठले अस्पताल स्थापनाकालदेखि नै समुदायमा आधारित भएर सुलभ सेवा दिन प्रतिबद्ध रहेको उल्लेख गर्दै बैंकसँगको यो साझेदारीले जलन र डायलासिसका बिरामीहरूलाई थप राहत पुग्ने बताउनुभयो।

नबिल बैंकले यसअघि पनि सामाजिक उत्तरदायित्वअन्तर्गत सुदूरपश्चिम, कर्णाली, मधेश र लुम्बिनी प्रदेशमा जलनका बिरामीहरूका लागि शल्यक्रिया शिविर सञ्चालन गरी ५०० जनाको नि:शुल्क उपचार र १३० जनाको शल्यक्रिया गराइसकेको छ। साथै, नवलपरासीको प्रादेशिक अस्पताल र बर्दघाटको चिसापानी अस्पतालमा रहेका कृत्रिम अंग केन्द्रहरूलाई सहयोग गर्दै ३०० भन्दा बढीलाई नि:शुल्क कृत्रिम अंग प्रदान गरिसकेको छ।

# एनआइसी एसिया बैंकको सञ्चालक समितिको अध्यक्षमा अशोक कुमार अग्रवाल नियुक्त



काठमाडौं । एनआइसी एसिया बैंकको सञ्चालक समितिको अध्यक्षमा अशोक कुमार अग्रवाल नियुक्त भएका छन्।सोमबार सम्पन्न २८औं वार्षिक साधारण सभाले संस्थापक सेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा निर्विरोध निर्वाचित गरेसँगै सञ्चालक समितिले उनलाई आगामी चार वर्षको लागि अध्यक्ष पदमा नियुक्त गरेको हो।

नवनियुक्त अध्यक्ष अग्रवालले सोही दिन नेपाल राष्ट्र बैंकका गर्भनर प्रा. डा.विश्वनाथ पौडेलबाट पद तथा गोपनियताको सपथ लिए।अध्यक्ष अग्रवालले नेपालको बैंक तथा वित्तीय क्षेत्र, बीमा तथा कर्पोरेट क्षेत्रमा लामो अनुभव हासिल गर्नुको साथै सफल नेतृत्व गर्दै मुलुकको आर्थिक विकासमा विशेष योगदान पुर्‍याएका छन्।

उच्च नेतृत्वदायी क्षमता, दूरदृष्टि र स्पष्ट रणनीतिका साथ दीर्घकालिन योजनामा विश्वास राख्ने उनको कार्यकालमा बैंकले उच्चतम उपलब्धिहरू हासिल गर्दै बैंकलाई प्रतिष्ठाको नयाँ शिखरमा पुर्‍याउने विश्वास लिइएको छ।

# पश्चिम सेती ४०० केभी प्रसारण लाइन सार्वजनिक–निजी साझेदारी अन्तर्गत निर्माण गर्न खोलियो कम्पनी



काठमाडौं । पश्चिम सेती ४०० केभी क्षमताको प्रसारण लाइन सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण गर्न कम्पनी खडा गरिएको छ।

२० अर्ब रुपैयाँ लागत अनुमान गरिएको प्रसारण लाइन ३० प्रतिशत पुँजी र ७० प्रतिशत ऋृण जुटाएर निर्माण गरिनेछ। ६ कम्पनीको लगानीमा पश्चिम वेस्ट(सेती ट्रान्समिसन लिमिटेड कम्पनी खडा गरिएको हो।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी आरपीजीसीएल को बोर्डले लगानी संरचना स्वीकृत गरेसँगै कम्पनी दर्ता प्रक्रिया अगाडी बढाइएको हो।आज आयोजित कार्यक्रममा ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले आयोजना निर्माणलाई सफल बनाउन सरकारको सहयोग गर्ने बताए।

‘केही समस्या छन्। त्यसलाई समाधान गर्न सरकार तयार छ। आयोजनालाई भायवल गराउन पनि सरकार तयार छ। तपाईहरू यसरी रिस्क मोलेर अगाडी बढ्नु भएको छ। यसलाई सफल बनाउन सरकारको पनि जिम्मेवारी र दायित्व हुन्छ। त्यो गर्छ,’ उनले भने।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका सिइओ सागर श्रेष्ठले आयोजना तत्कालै अगाडी बढ्ने बताए।राइट अफ वे र वनको क्लियरेन्सपछि आयोजना निर्माण निर्माणमा जान्छ। त्यसका लागि हामीले काम सुरू गरिसकेका छौं,’ उनले भने।

त्यस्तै, शैलेन्द्र गुरागाइले यो आयोजना गेमचेन्जर आयोजना भएको बताए। ‘गेम चेन्जर आयोजना हो। त्यसैले हामीले त्यसै कारण पनी लगानी गरिरहेका छौं,’ उनले भने।नेपाल विद्युत प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले आयोजना रणनीतिक हिसाबले पनि निकै महत्वपूर्ण भएको बताए।

कम्पनीमा प्रसारण लाइन निर्माणका लागि सरकारको ५१ प्रतिशतमध्ये राष्ट्रिय प्रसारण ग्रिड कम्पनी (आरपीजीसीएल)ले २६ प्रतिशत तथा नेपाल विद्युत प्राधिकरणका सहायक कम्पनी चिलिमे जलविद्युत र चैनपुर सेतीले १२।५र१२.५ प्रतिशत सेयर लगानी रहनेछ। यस्तै, निजी क्षेत्रका तर्फबाट ३ वटा कम्पनीको ४९ प्रतिशत लगानी रहनेछ। समृद्धि इनर्जी लिमिटेडको सबैभन्दा धेरै २५।१ प्रतिशत तथा ङादी ग्रुपपावर लिमिटेड र सिउरी न्यादी पावर लिमिटेडले ७ र ६।९ प्रतिशत लगानी गर्ने भएका छन्। आरपीजीसीएलले सार्वजनिक(निजी साझेदारी अन्तर्गत एसभीपी मोडलमा प्रसारण लाइन निर्माण गर्न पुस १३ गते आशयपत्र मागेकामा २ वटा सरकारीसहित ८ कम्पनीको आवेदन परेको थियो। निजी क्षेत्रका तर्फबाट मातामालिका इनर्जी मल्टिपल प्रालि, सुर्मा सरोवर हाइड्रोपावर र सगरमाथा जलविद्युत कम्पनीले पनि आशयपत्र पेस गरेका थिए। प्रशारणलाइनको निर्माण अवधि ५ वर्षको हुनेछ। आयोजना बझाङको जयपृथ्वी नगरपालिका १ हम्मरसेनको चैनपुर सबस्टेसन र डोटीको शिखर नगरपालिका १० मा रहेको बनलेक सबस्टेसन हुँदै कैलालीको बर्दगोरिया गाउँपालिका २ दोधारा सबस्टेसनसम्म करिब १४५ किलोमिटर प्रसारण लाइन निर्माण गरिनेछ। यो आयोजना अन्तर्गत १६० एमभीएको चैनपुर सबस्टेसन र ३१५ एमभीएको बनलेक सबस्टेसन निर्माण गरिनेछ। यसका लागि जग्गा प्राप्ति र आयोजनाको सर्वेको काम सम्पन्न भइसकेको छ। यो प्रसारण लाइनमार्फत ७५० मेगावाटको पश्चिम सेती हाइड्रोपावर, ४५० मेगावाटको सेती नदी(६ हाइड्रोपावर र १७० मेगावाटको अपर सेती हाइड्रोपावरबाट उत्पादन हुने बिजुली राष्ट्रिय प्रसारणमा जोडिनेछ।

# महालक्ष्मी कर्पोरेट क्रिकेट लिगको उपाधि प्राइम कमर्सियल बैंकलाई

काठमाडौं । महालक्ष्मी विकास बैंकको ३२ औँ वार्षिकोत्सवको अवसरमा आयोजित ‘महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२६-संस्करण ५’ सफलतापूर्वक सम्पन्न भएको छ।

काठमाडौँमा जेठ १७ गते आइतबारदेखि जेठ २० गते बुधबारसम्म चार दिन सञ्चालन भएको उक्त प्रतियोगिताको उपाधि प्राइम कमर्सियल बैंक लिमिटेडले जितेको छ भने माछापुच्छे बैंक लिमिटेडले द्बितीय स्थान हासिल गरेको छ। प्रतियोगितामा ९ वाणिज्य बैंक, ७ विकास बैंक, ३ वित्त कम्पनी, १ लघुवित्त कम्पनी, ३ बीमा कम्पनी र १ मर्चेन्ट बैंक गरी कुल २४ टिमले सहभागिता जनाएका थिए। प्रतियोगिताका विजेताहरूलाई जेठ २२ गते शुक्रबार एक समारोहका बीच पुरस्कार वितरण गरिएको छ।

पूर्व राष्ट्रिय क्रिकेट खेलाडी तथा नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्लको प्रमुख आतिथ्यतामा काठमाडौँमा आयोजित कार्यक्रममा विजेता प्राइम कमर्सियल बैंकलाई ट्रफी हस्तान्तरण गरियो। साथै, उपविजेता माछापुच्छे बैंक लिमिटेडलाई पनि सोही समारोहमा उपविजेता ट्रफी प्रदान गरिएको छ।

प्रतियोगितामा विधागततर्फ उत्कृष्ट फिल्डर लुम्बिनी विकास बैंकका लक्ष्मण प्रधान, उत्कृष्ट विकेट-किपर सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडका अनिल भुजेल, उत्कृष्ट बलर नेपाल बैंक लिमिटेडका मोहन कुमार श्रेष्ठ, उत्कृष्ट ब्याट्समयान माछापुच्छे बैंक लिमिटेडका सृजन सुवेदी तथा उत्कृष्ट खेलाडी (म्यान अफ द सिरिज) प्राइम कमर्सियल बैंक लिमिटेडका कृतार्थ शाक्य घोषित भए। यसैगरी, फेयर प्ले अवार्ड सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडले जित्न सफल भएको छ।

महालक्ष्मी विकास बैंकले कर्पोरेट क्रिकेट लिग २०२६-संस्करण ५ का सम्पूर्ण प्रायोजक, सहभागी टिमहरू तथा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूलाई हार्दिक आभार व्यक्त गरेको छ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

# हाडीगाउँमा राष्ट्रिय स्केटबोर्ड प्रतियोगिता हुने




काठमाडौं – नेपाल स्केटिङ तथा स्केटबोर्डिङ संघको आयोजनामा नवौं राष्ट्रिय स्केटबोर्ड प्रतियोगिता यही ३० र ३१ जेठमा हुने भएको छ ।

हाँडीगाउँस्थित यमबुद्ध स्केट पार्कमा हुने प्रतियोगितामा देशभरबाट छनोट करिब ४ सय खेलाडीको सहभागिता रहने आयोजक संघले जनाएको छ । यमबुद्ध स्केट पार्क काठमाडौं महानगरपालिकाको सहयोगमा संघको समन्वयमा बनेको अध्यक्ष अच्युत खनालले बताए ।

प्रतियोगितामा २ सय ५० पुरुष र १ सय ५० महिला खेलाडीले प्रतिस्पर्धा गर्ने संघका महासचिव सत्य थापाले जनाकारी गराए ।

दुईदिने प्रतियोगिताको पहिलो दिन छनोट चरण र दोस्रो दिन फाइनल प्रतिस्पर्धा हुनेछ । स्केट बोर्डिङको फ्रिस्टाइल विधाअन्तर्गत बेस्ट ट्रिक र बेस्ट रनमा प्रतिस्पर्धा हुनेछ ।स्केटबोर्डर अफ द इयर' समेत घोषणा गरिने थापाले जनाए ।

प्रतियोगितामा सिनियर पुरुष तथा महिला दुवैतर्फ विजेताले ३० हजार, उपविजेताले २० हजार र तेस्रो हुनेले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । जुनियर पुरुष र महिला दुवैतर्फ विजेताले १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले ५ हजार पुरस्कार पाउने अध्यक्ष खनालले जानकारी गराए । संघले प्रतियोगिताको कुल बजेट २१ लाख रुपैयाँ रहेको जनाएको छ ।

राष्ट्रिय खेलकुद परिषद्मा २०७० सालमा दर्ता भएयता नेपाल स्केटिङ तथा स्केटबोर्डिङ संघले देशका विभिन्न सहरमा राष्ट्रिय प्रतियोगिता गर्दै आएको छ । प्रतियोगिताबाट २० औं एसियाली खेलकुदका लागि खेलाडी छनोट प्रक्रियामा समेत सहयोग जनाइएको छ । तथापि गजेन्द्र बर्देवा, शरदकुमार राई, वसन्त राई र खुसी बिकको नाम लङलिस्टमा समावेश गराइसकेको र त्यसबाट दुई खेलाडी छनोट गरिने महासचिव थापाले बताए ।

# अर्थमन्त्रीमाथि संसदीय छानबिन अघि बढाउन माग

काठमाडौं । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमाथि संसदीय छानबिन अघि बढाउन संसद् बैठकबाटै माग भएको छ ।

राप्रपा सांसद ज्ञानेन्द्र शाहीले करका दर हेरफेर हुन लागेको विषय चुहावट हुनु सामान्य विषय नभएको भन्दै संसदीय छानबिन हुनुपर्ने बताएका हुन् ।

अर्थ मन्त्रालयबाट नभइ संसदबाटै समिति गठन हुनुपर्ने उनको भनाइ छ ।

'देशको अर्थमन्त्रीमाथि छानबिन अर्थ मन्त्रालय होइन, संसदीय छानबिन समिति चाहिन्छ । त्यसबाट छानबिन गर्नुहोस् । करका दर हेरफेर गर्ने सूचना लिक गरेर आज कसरी आयो यो ? यो सामान्य कुरा हो ? भन्सारको कर्मचारीलाई थाहा हुने कुरा हो यो ?,' शाहीले प्रश्न गरेका छन् ।

देशका जम्मा तीन जना मान्छेलाई थाहा हुने विषय चुहिनुलाई गम्भीर रुपमा लिन उनले ध्यानाकर्षण गराए । 'देशका जम्मा तीन जना मान्छेलाई थाहा हुन्छ । एउटा



अर्थमन्त्री, चाह्यो भने अर्थ सचिव र राजश्व सचिवलाई थाहा हुन्छ । यदी अर्थमन्त्रीले स्वीकृति दिनुभयो भने मात्रै,' उनले भने, 'यो ठूलो अपराध हो । सुशासनको आडमा बनेको सरकार हो यो । अहिले आएको १८२ सिट आएको छ, तपाईं हामीले कुनै काम गरेर आएको होइन ।'

साथै, उनले कुशासनको बाटोमा नलाग्न पनि रास्वपालाई आग्रह गरे । 'जनता वाक्क भएर सुशासन हुन्छ भनेर आएका हुन् । अहिले कुशासनको बाटोतिर नलाग्नुस्,' उनले भने ।

संसद्मा दर्ता भइसकेको आर्थिक विधेयकका १६ पेज हटाएर अर्थमन्त्रालयले नयाँ रुपमा विधेयक अगाडि सारेपछि यो विषयमा सरकारको आलोचना भइरहेको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यही जेठ १५ गते आर्थिक विधेयक ल्याएका थिए । उक्त विधेयकमा आर्थिक विधेयक पृष्ठ संख्या ४६४ छ । अर्थ मन्त्रालयले फेरबदल गरेर आफ्नो वेबसाइटमा राखेको विधेयकको पृष्ठ संख्या ४४८ छ ।

अर्थमन्त्रालयले १६ पेज हटाएर विधेयक सार्वजनिक गरेको हो । संसद्मा पेश गरेको र अर्थ मन्त्रालयले आफ्नो वेबसाइटमा पछिल्लो पटक राखेको आर्थिक विधेयकमा करसम्बन्धी व्यवस्थामै फरकपन छ । संसद्का जानकारहरूका अनुसार संसद्मा पेश भइसकेको विधेयकमा संशोधन गर्न संसद्को अनिवार्य स्वीकृति चाहिन्छ । संसदमा पेस गरिसकेको आर्थिक विधेयकमा भएका विषय सच्याउनका लागि पहिला संसदमा संशोधन ल्याउनुपर्ने हुन्छ । संसद्मा पुगिसकेको विधेयकमा अर्थ मन्त्रालयले आफैं सच्याउन पाउने कानुन छैन ।

# पोखरा विश्वविद्यालयमा अध्ययन बिदा दुरुपयोग

काठमाडौं- पोखरा विश्वविद्यालयका शिक्षक-कर्मचारीले अध्ययन बिदा दुरुपयोग गरेको पाइएको छ। २०७४ सालदेखि विश्वविद्यालयका ५१ जना शिक्षक-कर्मचारी अध्ययनका लागि स्वदेश तथा विदेश गएका छन् । तर उनीहरूले कबुलियतअनुसार काम नगरेको देखिएको छ ।

महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनमा ५१ जना कर्मचारीमध्ये ३ कर्मचारीले कबुलियतनामाअनुसार कार्य नगरेको उल्लेख गरिएको छ । केहीले आंशिक रूपमा मात्र काम गरेको, केही विश्वविद्यालयको स्वीकृति नलिई पुनः अर्को शैक्षिक उपाधि गर्न गएको पाइएको छ ।

यसरी अध्ययन बिदा दुरुपयोग गर्दा पोखरा विश्वविद्यालयलाई १ करोड १२ लाख २६ हजार रुपैयाँ नोक्सानी भएको छ । उक्त रकममा १० प्रतिशत ब्याजसहित असुल गर्नुपर्ने महालेखाको प्रतिवेदनमा भनिएको छ। पोखरा विश्वविद्यालयका अनुसार अध्ययन बिदा लिएर पूरा समय काम गर्ने केही प्राध्यापकले भने रकम फिर्तासमेत गरेका छन् । 'एक-दुई जनाले पैसा फिर्ता गर्नुभएको छ,' निमित्त उपकुलपति प्रा.डा. विष्णुराज तिवारीले भने ।

पोखरा विश्वविद्यालय शिक्षक-कर्मचारी नियमावली २०५५ को नियम २७ मा अध्ययन बिदापश्चात् विश्वविद्यालयको सेवामा नफर्किएमा, फर्किए पनि तोकिएको अवधिसम्म काम नगरी अनुपस्थित रहेमा, सेवा छाडेका शिक्षक-कर्मचारीहरूबाट अध्ययन बिदामा रहँदा विश्वविद्यालयबाट प्राप्त गरेको तलब, भत्ता, सुविधा र सो रकमको वार्षिक १० प्रतिशतका दरले हुने ब्याजको दोब्बर रकम असुल गर्नुपर्ने व्यवस्था छ ।

पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. केशरजंग बराल योजनाबद्ध ढंगले अध्ययन बिदामा नपठाउँदा समस्या आएको बताउँछन् । २०६८ मा उनी उपकुलपति भएको समयमा पनि एक जना प्राध्यापक जानकारी नै नगराई अध्ययन बिदामा गएका थिए ।

'एक जनालाई फर्काएका थियौं । मेरो कार्यकालमा बिदाको दुरुपयोग भएको थिएन,' उनले भने, 'पछि अध्ययन बिदामा गएर नफर्किने क्रम बढ्यो । योजनाबद्ध ढंगले पठाउनु पर्ने हो । अध्ययन बिदा व्यवस्थित गर्नुपर्छ ।' पोखरा विश्वविद्यालयमा २०७४ पछि अध्ययन बिदामा बस्ने क्रम बढेको हो ।

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
बागमती प्रदेश, रामेछाप
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
शेर बहादुर सुनुवार, अध्यक्ष
सावित्री सुनुवार, उपाध्यक्ष
डावा शेर्पा, प्रमुख प्रशासकीय अधिकृत

खाँडादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
बागमती प्रदेश, रामेछाप
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
ज्ञानकुमार श्रेष्ठ, अध्यक्ष
रमा घिसिङ, उपाध्यक्ष
युगेश कुमार यादव, प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
बागमती प्रदेश, रामेछाप
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
ठूलो कान्छा तामाङ, अध्यक्ष
गिता बिष्ट, उपाध्यक्ष
सुरेश कुमार श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

गोकुलगंगा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
बागमती प्रदेश, रामेछाप
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
काजी बहादुर खड्का, अध्यक्ष
उषा देवी कार्की, उपाध्यक्ष
दिनेश भट्टराई, प्रमुख प्रशासकीय अधिकृत

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४४,
२०८३ साल जेठ २६ गते मंगलबार
9 JUNE 2026, TUESDAY

# वैदेशिक रोजगारी ठगीका मुद्दा डिजिटल अभिलेखीकरण गरिँदै




काठमाडौं- वैदेशिक रोजगार विभागले २०६४ सालदेखि ठगी सम्बन्धी ४० हजारभन्दा बढी पुराना मुद्दाहरू विद्युतीय प्रणालीमार्फत अभिलेखीकरण गर्ने कार्य अघि अघि बढेको छ।

२०६४ सालदेखि वैदेशिक रोजगार ठगी सम्बन्धी ४० हजारभन्दा बढी मुद्दा विभागमा थन्किएका थिए । वर्षौंसम्मका फाइलका चाङभित्र सीमित ती मुद्दाहरूलाई अब व्यवस्थित रूपमा खोज्ने, मिलाउने, क्रमबद्ध गर्ने तथा विद्युतीय प्रणालीमा अभिलेखीकरण गर्ने कार्य तीव्र रूपमा अघि बढाइएको विभागले जनाएको छ । हालसम्म १० हजारभन्दा बढी मुद्दाहरू स्क्यान गरी विवरण तयार गरिएको छ । भने बाँकी मुद्दाहरूको डिजिटल अभिलेखीकरण तथा व्यवस्थापन कार्य जारी रहेको छ ।

यसबाट अनुसन्धान प्रक्रियालाई थप प्रभावकारी बनाउँदै मुद्दाहरूलाई समयमै अदालतसमक्ष पेश गर्न सहज हुने विभागका प्रवक्ता तथा सूचना अधिकारी बिन्दा आचार्यले बताइन् ।

गत भदौ २४ गते जेनजी आन्दोलनका बेला विभागमा समेत तोडफोड तथा आगजनी गरिएको थियो । आगजनीका कारण पुराना मुद्दा स्क्यान गरेर राखिएको डिभाइस नै जलेर नष्ट भएको थियो ।

डिभाइस जलेर नष्ट भएपछि विभागले पुनः पुराना मुद्दाका फाइल स्क्यान गरेर विद्युतीय अभिलेखीकरण गर्न लागेको हो । आगामी ६ महिनाभित्रमा पुराना मुद्दाहरू फछ्र्यौट गरिसक्ने विभागको योजना रहेको छ। सोही अनुसार अहिले छुट्टै कर्मचारीहरू खटाएको छ।

युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार क्षेत्रमा सुशासन स्थापना गर्न निरन्तर क्रियाशील रहेको जनाएको छ । पारदर्शिता, जवाफदेहिता र पीडितलाई न्याय दिलाउने प्रतिबद्धतासहित पुराना मुद्धाहरूलाई चाँडो फछ्र्यौट गर्ने प्रक्रिया अगाडि बढाइएको मन्त्रालयको दावी छ।

---

**प्रतिपक्षले विरोध...**

गरेर मात्र हुँदैन ।' गोरखा क्षेत्र नं १ का प्रतिनिधिसभाका सांसद्समेत रहेका उनले निर्वाचनमा आफूले गरेको बाचापत्र पूरा गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरे ।

'मैले गरेको बाचा पहिला थियो, अहिले पनि छ भोलि पनि रहिरहनेछ', उनले भने, 'गोरखाले मलाई जिताएको फोटो खिच्न होइन, काम गर्न हो भन्ने बुझेको छु ।' पूर्वगृहमन्त्री गुरुङले निर्वाचन क्षेत्रका जनताको समस्यालाई समाधानका लागि छिट्टै सचिवालय स्थापना गरेर काम गर्ने उनको छ ।

जिल्लामा बजेट नपरेको गुनासो आफूलाई पटकपटक आएको भन्दै उनले आफ्नो थाल कति छ भनेर हेर्दा अरुको थालको घट्यो कि घटेन भनेर पनि हेर्नुपर्ने बताए ।

**संसद् खुलाउन...**

प्रतिनिधित्व गर्ने सर्वोच्च नीतिगत मञ्च संसद्प्रतिको अनादर पनि हो ।'

संसद्लाई कमजोर बनाउने प्रवृत्तिले लोकतन्त्र बलियो हुन नसक्ने उनले बताए । बरु यस्तो प्रवृत्ति निरंकुशतातिर उन्मुख बनाउने उनको धारणा छ ।

'संसद् विचार, विमर्श, असहमति र सहमतिका माध्यमबाट राष्ट्रिय समस्याको समाधान खोज्ने सर्वोच्च लोकतान्त्रिक संस्था हो। जनताका आवाजलाई नीतिमा रूपान्तरण गर्ने स्थान भएकाले यसको मूल धर्म बहस, संवाद ,सहमति र निर्णय हो।यस्को सुत्राधार र संयोजन सत्ता पक्ष र सभामुख ले नै गर्नु पर्छ,' उनले भनेका छन् ।

जनताको समृद्धि, विकास र भविष्यसँग प्रत्यक्ष जोडिएको वार्षिक बजेटमाथि संसद्मा गम्भीर छलफल हुन नसक्नु, स्थगन हुनु, छैटौं दिनसम्म पनि संसद् अवरोध निरन्तर रहँदा पनि सरकार मौन रहनु अत्यन्त दुःखद रहेको उनले बताएका छन् ।

'यदि संसद्मा बहस, जवाफदेहिता र सहमतिको अभ्यास कमजोर हुँदैजाने हो भने जनप्रतिनिधिमूलक संस्थाको औचित्यको कुनै अर्थ रहदैन,' उनले अगाडि लेखेका छन्, 'तसर्थ सरकारले तत्काल सबै पक्षसँग संवाद गरी सहमतिमार्फत निकास खोज्नु कर्तव्य र लोकतान्त्रिक दायित्व मात्र होइन, संसदीय मर्यादा, परम्परा र बिधिको शासनको न्युनतम पालना गर्ने अपरिहार्य आवश्यकता पनि हो ।'

**हुम्ला–बाजुरा सीमा...**

तर, यी चुनौतीहरू छन् भन्दैमा समाधानको प्रक्रिया ढिलाइ गर्न हुँदैन ।' राईले दुर्गम क्षेत्रमा कार्यरत कर्मचारी र सुरक्षाकर्मीलाई काममा खटाउने मात्र नभई त्यहाँको भौगोलिक कठिनाइ, खाद्यान्न अभाव तथा जीवनयापनका चुनौतीलाई ध्यानमा राखेर आवश्यक सुविधा उपलब्ध गराउन सरकारलाई निर्देशन दिइन् ।

विवाद समाधानको लागी दुवै जिल्लाका जनप्रतिनिधि, स्थानीय तह, प्रशासन र सरोकारवाला पक्षबीच समन्वय तथा निरन्तर संवाद आवश्यक रहेको उनको भनाइ छ । सभापति राईले हालसम्म सरकारले केही पहल गरिरहेको भएपनि ती प्रयास पर्याप्त नभएको टिप्पणी गर्दै दीर्घकालीन समाधानका लागि थप प्रभावकारी कदम चाल्न पनि उनले आग्रह गरिन् ।


'अहिले देखिएका समस्याका धेरै पक्ष छन्, जसलाई समग्र रूपमा बुझ्न आवश्यक छ । केवल सीमा सम्बन्धी विषयलाई मात्र लिएर त्यहाँको सम्पूर्ण समस्या बुझ्न सकिँदैन । त्यस्तै, सीमा सम्बन्धी समस्या समाधान भएलगत्तै अन्य सबै समस्या स्वतः समाप्त हुन्छन् भन्ने पनि होइन,' उनले भनिन्, 'त्यसैले आजको यस समितिको बैठकबाट हामी के भन्न चाहन्छौँ भने, यी दुवै जिल्लामा बढ्दै गइरहेको समस्यालाई निराकरण वा न्युनिकरण गर्न सम्बन्धित सबै पक्षबीच प्रभावकारी समन्वय कायम गरिनुपर्छ । समस्या समाधानका लागि निरन्तर प्रयास जारी राख्नुपर्छ ।'

**नेपाली सेना...**

सीमानामा लगेर तैनाथ गर्नपर्छ । नेपाली सेनालाई राख्नुपर्ने ठाउँ सीमानामा हो तर अन्यन्त्र प्रयोग भइरहेको छ,' उनले भने। देश रहनका लागि भूगोल चाहिने भन्दै भूगोल बिनाको देश सम्भव नहुने उनले बताए । 'देश रहनका लागि भूगोल चाहिन्छ। भूगोल बिनाको देश हुँदैन । प्रधानमन्त्रीज्यूको मुखबाट जे सुनिरहेका छौं, त्यसबाट हामी दुखी छौं । आक्रोशित छौं । उहाँले आफ्नो वचन सच्याउनुपर्छ,' उनले भने, 'उहाँको मुखबाट निस्किएको शब्द उहाँकै मुखबाट सच्याउनुपर्छ ।'

## अन्तराष्ट्रिय

# इरान युद्ध १ सय दिनमा, ७ हजारभन्दा बढीको मृत्यु



दुबई – अमेरिका र इजरायलले इरानविरुद्ध युद्ध सुरु गरेको आइतबार १०० औं दिन भएको छ। आइतबार नै अमेरिकाले हर्मुज जलमार्गमा दुई वटा इरानी ड्रोन खसालेको घोषणा गरेको छ। यसअघि इरानले शनिबार बहराइन र कुवेतमा आक्रमण गरेको थियो ।

यद्यपि, दुई पक्षबीच अप्रत्यक्ष वार्ताहरू जारी छन्। तत्काल लडाइँ रोक्ने र इरानको आणविक कार्यक्रमका विषयमा भविष्यमा सम्झौता गर्न दुवै पक्ष सहमत भएको अलजजिराको समाचारमा उल्लेख छ।आइतबार पाकिस्तानका गृहमन्त्री मोसिन नक्वीले इरानको राजधानी तेहरानको भ्रमण गरेका छन्। उनले इरानी सर्वोच्च नेता मोज्ताबा खोमेनेईलाई अमेरिकाको सन्देश सुनाएका हुन् ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानसँगको शान्ति सम्झौताबारे आफू आशावादी रहेको बताउँदै आएका छन्। इरानका विदेशमन्त्री अब्बास अराग्चीले पनि दुई देशबीच सञ्चार खुला रहेको बताएका छन्। तर, अप्रत्यक्ष वार्तामा ठोस प्रगति हुन सकेको छैन। इरानले लेबनानसहित सबै मोर्चामा शत्रुताको अन्त्य, रोक्का गरिएको अर्बौं डलरको सम्पत्तिमा पहुँच, कच्चा तेल निर्यातमा पश्चिमा देशहरूले लगाएको प्रतिबन्ध फुकुवा, अमेरिकाले आफ्ना बन्दरगाहमा लगाएको नाकाबन्दी खुला गर्नुपर्नेलगायत माग राखेको छ। इरानले आणविक कार्यक्रम स्थगित गर्नुपर्ने, उच्च संवर्द्धित युरेनियमलाई देशबाहिर पठाउन सहमत हुनुपर्ने, हर्मुजको जलमार्ग खुला गर्नुपर्नेलगायत माग अमेरिकाको छ।

इरान युद्धमा अहिलेसम्म ७ हजारभन्दा धेरैको मृत्यु भइसकेको छ। २८ फेब्रुअरीमा अमेरिका-इजरायलले इरानमाथि संयुक्त आक्रमण गर्दा पहिलो निसानामै सर्वोच्च नेता अली खामेनेईसहित शीर्ष कमान्डरहरू मारिएका थिए। इरान युद्ध तीन साताभित्रै सकिने दाबी अमेरिकी राष्ट्रपति ट्रम्पको थियो। त्यसविपरीत आक्रमण-प्रत्याक्रमणको शृंखला १ सयौं दिनसम्म पनि चलिरहेको छ। पश्चिम एसियामा रहेका अमेरिकी सैन्य ठेगानाहरूमा इरानले ठूलो क्षति पुऱ्याइरहेको छ। त्यस्तै, हर्मुजको जलमार्गमा नियन्त्रण कायम राख्दा विश्वव्यापी रूपमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्यवृद्धि तथा संकट गहिरिएको छ। वासिङ्टन र तेहरानबीच अप्रिलमा युद्धविराम गर्ने सहमति भएको थियो। ११ र १२ अप्रिलमा दुई देश पाकिस्तानको इस्लामाबादमा प्रत्यक्ष रूपमा वार्ताको टेबुलमा बसे। तर, उक्त वार्ता सफल हुन सकेन।

# रास्वपा अन्तर्राष्ट्रिय सम्बन्ध विभाग सदस्यमा हिक्मतजंग कार्की मनोनीत

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले केन्द्रीय अन्तर ाष्ट्रिय सम्बन्ध विभागको सदस्यमा हिक्मतजंग कार्कीलाई मनोनीत गरेको छ ।

काठमाडौं निवासी कार्कीलाई महामन्त्री कविन्द्र बुर्लाकोटीले विभाग सदस्यमा नियुक्त गरेका हुन् । परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा उक्त विभाग छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक क्षेत्रमा अनुभव संगालेका कार्की विश्वभरका युवा लोकतन्त्रवादीहरू आवद्ध संगठनको सहअध्यक्षको भूमिका निर्वाह गरेका थिए । उनले युनिभर्सिटी अफ इस्ट लन्डनबाट अन्तर्राष्ट्रिय सम्बन्धमा स्नातकोत्तर र त्रिभुवन विश्वविद्यालयबाट मानविकी तथा सामाजिक शास्त्रमा स्नातक तहको अध्ययन पूरा गरेका छन् ।

कार्कीले पोल्याण्डमा सम्पन्न संयुक्त राष्ट्र संघीय 'वर्ल्ड अर्बन फोरम', अमेरिकाको वासिङ्टन डीसी र न्यूजील्याण्डमा भएका 'प्रजातान्त्रिक फोरम' लगायत फिनल्यान्ड, जर्मनी, मोरक्को र बेलायतका विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको प्रतिनिधित्व गर्दै नीतिगत संवाद र विश्वव्यापी सञ्जालमा भूमिका निर्वाह गरेका थिए ।

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
जोरपाटी, काठमाडौं

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
दिपक कुमार रिसाल

उप- प्रमुख
सान्नानी लामा

प्रमुख प्रशासकीय अधिकृत
यम नारायण ज्ञावली

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
ललितपुर, बागमति प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
महेन्द्र महर्जन

उप- प्रमुख
मुन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत
मान बहादुर खड्का

## ६ महिनापछि नेपाल फर्किए 'धुर्मुस'
# धाउन थाले मन्त्रालय



हास्य कलाकार सीताराम कट्टेल (धुर्मुस) करिब ६ महिना लामो अमेरिका बसाइँपछि नेपाल फर्किएका छन् । उनले आइतबार बिहान सामाजिक सञ्जाल फेसबुकमा एक पोस्ट लेख्दै यसबारे जानकारी गराएका हुन् । उनी गत वर्षको मंसिरमा परिवारसहित अमेरिका गएका थिए । त्यसबेला उनी अमेरिका पलायन भएको भन्दै व्यापक टिका-टिप्पणी भएको थियो ।

सीतारामले आफू नेपाल फर्किएको जानकारी दिँदै अब न्याय मिल्ने आशा व्यक्त गरेका छन् । उनले फेसबुकमा लेखेका छन्, ' न्याय अवश्य मिल्ने छ भन्ने पूर्ण आशा र अटल विश्वास बोकेर आफ्नै मातृभूमिको आँगनमा फर्किएको छु । आशा छ, न्यायको अनुभूति गर्दै आफ्नै माटोको काखमा सुख-दुःख साटेर जीवनका घाउहरू निको पार्ने अवसर अवश्य प्राप्त हुनेछ ।'

उनले उक्त पोस्टमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अगाडि फाइल बोकेको एउटा तस्वीर पनि राखेका छन् । यसको अर्थ गौतमबुद्ध क्रिकेट रंगशाला निर्माणका क्रममा लागेको ऋणको विवाद सुल्झाउन उनी फेरि मन्त्रालय धाउन थालेका छन् । यसअघि थुप्रैपटक उनले ऋण फर्स्यौटका लागि विभिन्न मन्त्रालय पुगेर हारगुहार गरेका थिए ।

सीताराम दम्पतीले २०७५ माघ १६ मा तामझामसहित चितवनमा क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा गरेका थिए । तर, पछि आर्थिक अभावका कारण रंगशालाको निर्माण रोकियो । २०८० सालमा संघीय सरकारले रंगशालाको जिम्मा लिएर निर्माणको काम अगाडि बढायो । तर, 'धुर्मुस'ले रंगशाला बनाउन लिएको ऋण र उधारो सामानको रकम भने अझै चुक्ता हुन सकेको छैन ।

५ वर्षसम्म विभिन्न मन्त्रालय धाउँदा पनि रंगशालाको ऋण फर्स्यौट हुन नसकेपछि उनी निराश भएर छोरीको उपचारका लागि भन्दै अमेरिका गएका थिए । डेढ वर्षअघि अमेरिकाको ग्रीनकार्ड समेत लिइसकेका उनी रंगशालाको ऋण फर्स्यौट गर्न ६ महिनापछि नेपाल फर्किए पनि उनकी श्रीमती कुन्जना घिमिरे र छोरी भने अमेरिकामा नै छन् ।

# बजेटका कारण अड्किएको हो 'कृष ४' ?



बलिउडको चर्चित प्रोजेक्टमध्ये एक 'कृष ४'को निर्माण घोषणा भएको डेढ वर्षभन्दा बढी भइसकेको छ । तर, अझै यो सुपरहिरो फ्रेन्चाइज फिल्म छायांकनमा जान सकेको छैन । केही समयअघि फिल्मको बजेटलाई लिएर ऋतिक रोशन र यशराज फिल्म्सबीच मतभेद उत्पन्न भएको खबर बाहिरिएको थियो । फिल्मको छायांकनमा ढिलाइ हुनुको मुख्य कारण यसैलाई मानिएको छ ।

भारतीय मिडियाका अनुसार ऋतिकले फिल्मका लागि भारु ५ सय करोड बजेट मागेका छन् । तर, यशराजका प्रमुख आदित्य चोपडा भने ३५० करोडभित्र छायांकनदेखि पोस्ट प्रोडक्सनसम्म सक्नुपर्ने पक्षमा छन् । ऋतिक र आदित्यबीच बजेटमा सहमति जुट्न नसक्दा लामो समयदेखि फिल्मको पूर्वतयारीका काम समेत प्रभावित भएको जनाइएको छ ।

तर, हालै एक अन्तर्वार्ताका क्रममा ऋतिकका पिता तथा निर्देशक राकेश रोशनले बजेटका कारण फिल्मको छायांकनमा ढिलाइ नभएको स्पष्ट पारेका छन् । उनले ऋतिकले यशराजसँग ५ सय करोड बजेट मागेको भन्ने विषयको पनि खण्डन गरेका छन् । फिल्मको बजेटलाई लिएर यशराजसँग कुनै विवाद र मतभेद नरहेको उनको भनाइ छ ।

उनले भनेका छन्, 'फिल्म कुनै विवाद वा मतभेदका कारण अड्किएको होइन । 'कृष ४'माथि काम भइरहेको छ र फिल्मलाई लिएर कुनै प्रकारको समस्या छैन । हाल ऋतिक आफ्ना अन्य व्यावसायिक प्रतिबद्धता र प्रोडक्सन हाउसका काममा व्यस्त छन् । त्यसैले छायांकनको मिति तय हुन नसकेको हो ।' उनका अनुसार ऋतिकको समय मिल्नसाथ फिल्मको छायांकन सुरु हुनेछ । 'कृष ४' यसकारण पनि विशेष छ कि यो ऋतिक रोशनको निर्देशनमा बन्ने पहिलो फिल्म हुनेछ । केही समयअघि राकेश रोशनले सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै 'कृष ४'मार्फत ऋतिकले निर्देशनमा डेब्यू गर्ने घोषणा गरेका थिए । यस फिल्ममा उनको अभिनय पनि रहनेछ । 'कृष'का अघिल्ला श्रृंखलाले बक्स अफिसमा ठूलो व्यावसायिक सफलता हासिल गरेका थिए ।

# 'दूरदृष्टि नहुँदा राष्ट्रले चुनौती सामना गर्न'पर्छ'

केही दिनअघि प्रतिनिधि सभा (संसद्)को बैठकमा 'नेपालले पनि भारतको भूमि मिचेको रहेछ' भन्ने प्रधानमन्त्री बालेन शाहको अभिव्यक्तिको यतिबेला चौतर्फी आलोचना र विरोध भइरहेको छ । यो विषयमा उनले माफी माग्नुपर्ने आवाज उठिरहँदा अभिनेता राजेश हमालले पनि प्रधानमन्त्री शाहको अभिव्यक्तिप्रति टिप्पणी गर्दै त्यसलाई दूरदृष्टिको अभाव भनेका छन् ।

उनले शुक्रबार दिउँसो फेसबुकमा एक पोस्ट लेख्दै सीमापार अतिक्रमण र राज्य-प्रायोजित भू-अतिक्रमण एउटै अर्थमा बुझिए पनि वास्तवमा यी दुवै फरक प्रकृतिका विषय रहेको उल्लेख गरेका छन् । सीमापार अतिक्रमण प्रायः सरकारभन्दा बढी स्थानीय नागरिकसँग सम्बन्धित हुने र त्यसको समाधान संवाद, संयुक्त सर्वेक्षण र आपसी सहकार्यबाट सम्भव हुने उनको तर्क छ ।

राज्य-प्रायोजित भू-अतिक्रमणको प्रकृति भने पूर्णतः फरक हुने उल्लेख गर्दै उनले भनेका छन्, 'यो त्यतिबेला हुन्छ, जब कुनै राष्ट्र स्वयं विवादित भूभागमा आफ्नो नियन्त्रण विस्तार गर्न वा कायम राख्न प्रत्यक्ष रूपमा सक्रिय हुन्छ । यहाँ व्यक्तिहरू होइन, राज्यका संस्थाहरू संलग्न हुन्छन् ।' उनले यसको उदाहरण कालापानी-लिपुलेक-लिम्पियाधुरा रहेको बताएका छन् ।

अहिलेको विश्व राजनीतिक परिवेशमा राष्ट्रको नेतृत्व गर्ने व्यक्तिमा दूरदृष्टि हुनुपर्ने धारणा व्यक्त गर्दै उनले अगाडि लेखेका छन्, 'आजको डामाडोल र अनिश्चित विश्व राजनीतिक परिवेशमा कुनै राष्ट्रको नेतृत्व गर्ने व्यक्तिमा पर्याप्त परिपक्वता, अनुभव, निर्णय क्षमता र दूरदृष्टि नहुँदा राष्ट्रले गम्भीर चुनौतीहरू सामना गर्नपर्ने अवस्था आउन सक्छ ।'

# बेलायत र हङकङमा बिक्री भयो दयाहाङको 'पेन्सन पट्टा'




कलाकार माओत्से गुरुङको निर्देशनमा बनेको फिल्म 'पेन्सन पट्टा'को विदेश प्रदर्शन अधिकार बिक्री हुन थालेको छ । तीजको अवसर पारेर भदौ २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्मको बेलायत र हङकङमा प्रदर्शन अधिकार बिक्री भएको हो । फिल्मलाई बेलायतमा सपन इन्टरटेन्टमेन्ट र हङकङमा मेन ड्रागनले प्रदर्शन गर्नेछन् ।

निर्देशक गुरुङले पोस्टरबाहेक फिल्मका अन्य कुनै प्रचार सामग्री सार्वजनिक नहुँदै दुई देशमा प्रदर्शन अधिकार बिक्रीले उत्साहित बनाएको बताए । उनले अन्य देशहरूबाट पनि फिल्मको प्रदर्शनका लागि माग आइरहेको जानकारी दिए । यसअघि २०८० सालमा 'दयारानी' बनाएका गुरुङको यो दोस्रो मूलधारको फिल्म हो ।

माओत्से गुरुङ फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा दयाहाङ राई, सुनिल थापा, पशुपति राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सन विक्रम राई, सुनिल थापा, सोल गुरुङ, राज थापा काउचा, पुष्कर गुरुङ, अनुशा राई, लुनिभा तुलाधर, विश्वास गुरुङ, माया गुरुङ, यासिली लिम्बु, कुबिना गुरुङ, डिवी गुरुङ, प्रतिक्षा गुरुङलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

निर्देशक गुरुङ स्वयंको लेखन रहेको फिल्मका निर्माताहरू मीन कोन्मे गुरुङ, भोज बहादुर गुरुङ, माया गुरुङ र सपना गुरुङ हुन् । सुशन प्रजापतिले छायांकन गरेको फिल्मका गीतमा मनोज थापा मगर, शिव बराइली र सुरुङ गुरुङले संगीत तथा कियर कोइचको सम्पादन रहेको छ । फिल्मले लोभी केटा कसरी दानी बन्छ भन्ने कथा प्रस्तुत गर्ने जनाइएको छ ।

# किन नेपाल आए आयुष्मान खुराना ?

बलिउड अभिनेता तथा गायक आयुष्मान खुराना यतिबेला नेपालमा छन् । श्रीमती ताहिरा कश्यपसँग नेपाल आएका उनी शनिबार साँझ काठमाडौंको ठमेलस्थित 'थर्टी थ्री डिग्री वेस्ट स्काइ बार' नामको क्लबमा देखिएका थिए । त्यहाँ उनले नेपाली गायक सुशान्त केसीसँग कुराकानी गरेको भिडियो यतिबेला सामाजिक सञ्जालमा भाइरल बनेको छ ।

आयुष्मानको नेपाल आगमन दुईवटा उद्देश्यका लागि भएको बुझिएको छ । उनी स्काइबारको दोस्रो वार्षिकोत्सवमा सहभागी हुन र चौधरी ग्रुप (सिजी)को एक सम्झौता हस्ताक्षर कार्यक्रमका लागि नेपाल आएको स्रोतको दाबी छ । उनी भारतका लागि सिजीको वाईवाई चाउचाउका 'ब्रान्ड एम्बास्डर' समेत हुन् । उनलाई सन् २०२३ मा सिजीले 'ब्रान्ड एम्बास्डर' नियुक्त गरेको थियो ।

आयुष्मानले नेपाल आएसँगै सिजी समूहका प्रबन्ध निर्देशक निर्वाण चौधरी र अध्यक्ष राहुल चौधरीसँग भेट गरिसकेका छन् । निर्वाणले आयुष्मानसँग भेट गरेको तस्वीर शनिबार साँझ सामाजिक सञ्जालमा सेअर गरेका थिए । निर्वाण र आयुष्मानबीच निकै हार्दिक सम्बन्ध छ । भारतमा रहँदा निर्वाण आयुष्मानका फिल्मको प्रिमियरमा समेत उपस्थित हुने गरेका छन् ।

बलिउडका 'आउटसाइडर' अभिनेता मानिने आयुष्मानको हालै नयाँ फिल्म 'पति पत्नी और वो दो' रिलिज भएको थियो । उनले 'ड्रिम गर्ल', 'डाक्टरजी', 'बधाई हो', 'आर्टिकल १५', 'दम लगा के हईशा', 'विक्की डोनर' जस्ता करिब दुई दर्जन फिल्ममा अभिनय गरिसकेका छन् । उनले गाएका 'सादी गली आजा', 'पानी दा रंग' जस्ता गीत पनि निकै लोकप्रिय छन् ।

## रामेछाप नगरपालिका
बागमती प्रदेश, रामेछाप
नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
लवश्री न्यौपाने

उप- प्रमुख
बाल कुमारी कार्की थापा

प्रमुख प्रशासकीय अधिकृत
गंगालाल सुबेदी

## मन्थली नगरपालिका
बागमती प्रदेश, रामेछाप
नेपाल

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
लव श्रेष्ठ

उप- प्रमुख
इश्वरी बस्नेत

प्रमुख प्रशासकीय अधिकृत
देवर्षि सापकोटा

